# ३ प्रलोभन तथा परिक्षासँग प्रतिरोध गर्दै जिउनु

<u>*यस अध्यायका मूल पदहरू:*</u> याकूब १:१२-२१, भजन ११९:११, उत्पत्ति ३:१-६, तितस ३:५-७, रोमी १३:१२, एफिसी ४:२२।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> **"कठिन समयमा पनि विश्वासमा अडिग भएर अघि बढिरहने मानिस धन्यको हुन्। जब त्यस कठिन जीवनबाट पार भएर आउँछ तब उसले मुकुट पाउने छ। त्यो मुकुट अनन्त जीवन आफै पनि हो। जुन मानिसहरूले उहाँलाई प्रेम गर्छन् तिनीहरूलाई त्यो मुकुट प्रदान गर्ने प्रतिज्ञा परमेश्वर आफैले गर्नुभएको छ।" (याकूब १:१२ भावानुवाद)।**

**विभिन्न प्रलोभनमा नफस्ने हामीमध्ये को नहोला? माछालाई जालमा पारिने जस्तै कुनै न कुनै किसिमको जालमा फसाएर हामीहरूको जीवनलाई धरासयी बनाउने स्थिति हामी सबैले भोगेका छौं।** कतिपटक त आउने परिक्षा वा प्रलोभनमा नफस्न हामी भरमग्दुर निर्णय गर्छौं। तर संघर्षको चरमसिमामा पुगेपछि नफस्ने हामीहरूको निर्णय कतिपटक बिलाएर बिलाएर गएको पाउँछौं। अनि हामीलाई नै लाजमर्दो बनाउन हामीलाई पापको काबुमा राख्न हामी त्यसलाई सुम्पिन्छौं। कतिपटक त पाप नगर्न भरमग्दुर प्रयत्न गर्छौं झन त्यतिपटक पापसँग संघर्ष गर्न कमजोर हुँदै गएको हामी अनुभव गर्छौं। हामीहरूको परिस्थितिप्रति लाचार भएको पनि हामी पाउँछौं। अनि येशूलाई विश्वास गरेर अनन्त जीवनको प्रतिज्ञा पाएतापनि  पापसँग हामीहरूको संघर्षमय जीवनले गर्दा त्यो प्रतिज्ञाको उपभोग हामी गर्न सक्छौं कि सक्दैनौं भनेर शङ्का र उपशङ्काको भुमरीमा परेको अनुभव गर्दछौं। पापको खाल्डोमा परेको लगत्तै पछि आफूले पाउनुपर्ने मुक्तिप्रति शङ्का नगर्ने येशूभक्त कोही हुँदैन भन्ने कुरो कल्पना गर्न पनि हामीलाई मुश्किल पर्छ।

तर हामीलाई सजिलैसँग फसाउने परिक्षा तथा प्रलोभनमाथि विजय प्राप्त गर्नसक्छौं। जतिसुकै पापको गहिऱ्याइमा हामी परेतापनि त्यसबाट कोही पनि उम्कन सक्दैन भन्ने छैन। त्यो विजय हामी किन पाउन सक्छौं भने हामीमा भएको ज्योतिको पिता (याकूब १:१७)

पापमा फसाउने परिक्षा तथा प्रलोभन भन्दा धेरै शक्तिशाली हुनुहुन्छ। परमेश्वर र उहाँको वचनद्वारा हामी पापमाथि विजय हासिल गर्दै हामीहरूको आत्मिक यात्रालाई अघि बढाउन सक्छौं।

उपरोक्त संदेशको चर्चा गर्न यस अध्याय लागिने छ। पाप, प्रलोभन, परिक्षा र अन्धकारको जीवन केवल मनगढन्ते नभएर यथार्थ छ। हामीहरूको भित्री हृदयमा भइरहने संघर्ष काल्पनिक नभएर साँच्चिकै हो। साथै परमेश्वर पनि काल्पनिक नभएर साँच्चिकै हुनुहुन्छ। हामीहरूको जीवनलाई ध्वस्त पार्ने हामीहरूको अन्तरआत्मामा भइरहने परिक्षा, प्रलोभन वा मायामाथि परमेश्वरकै सहयोगले विजय प्राप्त गर्न सक्छौं।

## १. हामीमा आउने प्रलोभन तथा परिक्षाको जड (याकूब १:१३, १४)

**मानव संस्कारमा लोकप्रिय भएको धारणा “पापमा वा परिक्षामा फसाउने परमेश्वरको इच्छा रहेछ" भन्ने धारणा बाइबल सम्मत छैन भनेर याद गर्नु किन जरुरत छ? पाप, परिक्षा, प्रलोभन वा माया कहाँबाट सुरू हुन्छ? त्यसको जवाफ याकूब १:१३,१४ले दिएकोमा त्यो आत्मज्ञानले हामीहरूको पापसँगको संघर्षमा राहत पाउन सक्छौं भन्ने आत्मसात् कसरी गर्न सक्छौं? हेर्नुहोस्: “१३ परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, “परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।” किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। १४ तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ।"**

सारा धर्ममा भनौं वा सबै मानिसले दावी गरेको “पापको स्रष्टा वा जग परमेश्वर नै हुनुहुन्छ" भन्ने धारणा गलत हो भनेर याकूबले जिकिर गर्दछन्। आपदविपद वा मानिसलाई दुःख दिने कुनै किसिमको खराब आइपर्दा परमेश्वरको इच्छा रहेछ वा परमेश्वरबाट आएको हो भन्ने सोचाइ पनि गलत हो भनेर याकूबको धारणा छ। मानिसलाई फसाउने काम परमेश्वरले सुरू गर्नुभएको होइन भनेर पनि स्वीकार गर्नुपर्छ। खराब, दुष्ट आफै नै सबै प्रलोभन वा मानिसलाई बिगार्ने कारण हो। समस्याको जड हामीमा नै हुन्छ भनेर याकूबले खुलाउँछन्। मुख्य कारण त हामी आफैमा प्रदुषित अर्थात् खराब

नियतले अड्डा जमाएको हुनाले त्यससँग मुकाबिला गर्न हामीलाई मुश्किल परेको महसूस गर्छौं।

त्यसैकारणले नै हामीहरूको दिमाग नै पापसँग लडाईं गर्ने युद्ध क्षेत्र भएको हामीले मान्नुपर्छ र पापसँग गरिने संग्राम हामीहरूकै दिमागबाट सुरू हुन्छ भन्ने कुरालाई हामीले आँखा चिम्लनुहुन्न। पाप गर्ने निर्णय हामीले नै गर्छौं भन्ने सत्यतथ्यलाई कतिपयले सुन्न पनि चाहन्दैनन्। हामीलाई गलत काम गर्न पनि कसैंले करकाप गर्न सक्दैन भनेर पावलको पनि जिकिर छ (रोमी ६:१६-१८)। मन बहलाउने तथा पापी चाहनाहरूले हामीहरूको ध्यानलाई आकर्षित गर्दछ। सरल र उपयुक्त शब्दहरू प्रयोग गरेर याकूबले हामीहरूको भित्री मनलाई खोतल्दछ। खराब गर्ने चाहना स्वविवेकको आत्मनिर्णय हो भनेर याकूब १:१४ले स्पष्ट गर्न खोजेको हामी पाउँछौं। बाहिरबाट नभएर हामीहरूको भित्रै दिमागबाट खराब गर्ने नियतले हामीलाई तान्दछ र प्रलोभन वा परिक्षामा पार्दछ। जब हामी ती चाहनाले हामीलाई सिथिल पार्दछ तब हामी त्यसको अंकुशमा पर्दछौं। त्यसरी हामी दुष्ट तथा पापको जालोमा हामी जाकिन्छौं अर्थात् फस्दछौं।

**हामीहरूले सामना गर्नुपर्ने परिक्षा, प्रलोभन तथा पापसँग बिजय हासिल गर्न हामी कसरी सक्षम् हुन सक्छौं भनेर देहायका केही पदहरूले दिएको साझा विषयलाई सोच्नुहोस्ः एफिसी ६:१४-१७ "यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो।", भजनसंग्रह ११९:११ "तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु।" र लूका ४:८ "८ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।"**

पाप गर्ने चाहना वा प्रलोभनलाई पाप आफैबाट याकूबले स्पष्ट रूपमा अलग पारेको माथिका पदहरूले देखाउँदछन्। हामी भित्र उब्जिने पाप गर्ने चाहना वा परिक्षमा पर्ने स्थिति आफै पनि पाप हो

भन्ने कर छैन। येशूलाई पनि शैतानले प्रलोभन अर्थात् मायाको जालोमा फसाउन कोशिश गरिएको थियो। त्यसकारण आइपर्ने परिक्षा, प्रलोभन तथा खराब कुराहरू आफै समस्या नभएर जब तिनीहरू आइपर्छ तिनीहरूलाई हामीहरूले के गर्छौं त्यो चाहिँ समस्याको जरा हुनसक्छ। पापसँग गरिने कारोबारले नै हामीलाई फसाउँदछ। यस संसारमा पापको बाहुल्यता छ तर मानिसमा भएको पापी स्वभाव आफै पनि पाप भनिन्दैन। तर दिमागमा आएका पापी स्वभाव, सोच, नियत वा निर्णयले हामीलाई नियन्त्रण गर्न दिनु पाप हो। पाप गर्ने वा नगर्ने निर्णय प्रत्येक व्यक्तिको स्वविवेकमा हुन्छ। त्यसैकारणले यदि हामीले चाहिएको खण्डमा आइपर्ने ती स्वभावहरूसँग मुकाबिला गर्न र विजयी जीवन हासिल गरेर जिउन सकिन्छ भनेर परमेश्वरको वचनमा हामीलाई अनेकन् प्रतिज्ञाहरू दिइएका छन्। यदि परमेश्वरको वचनलाई हाम्रै निम्ति हो भनेर दावी गर्न सक्यौं र विश्वासबाट ग्रहण गर्न सक्यौं भने हामी इसाईहरू विजयको सास फेर्दै शिर उचालेर हिँड्न कसैले पनि रोक्न सक्दैन। हामी चुकौंला तर हामीलाई उपलब्ध गराइएको विजयको वचन हामीमा लागु गराउन परमेश्वर वचनवद्ध हुनुहुन्छ।

**पाप गर्ने वा नगर्ने आत्म निर्णय हामीलाई नै सुम्पिएको छ भन्ने ज्ञानलाई गहिरिएर सोच्नुहोस्। (यदि पाप गर्ने निर्णय हामीमा नै नसुम्पिएको भए पाप गर्दा हामीलाई आलोचना गर्ने कतिको जायज हुन्छ र?)। दैनिक जीवनमा आइपर्ने गलत निर्णयहरूबाट पन्छिएर बस्न हामीहरूले के के गर्नसक्छौं?**

## २. जब अभिलाषा वा महत्त्वकाँक्षाले पापलाई जन्माउँछ (याकूब १:१५)

**परिक्षा वा प्रलोभन कतिखेरा पाप हुन जान्छ? याकूब १:१३-१५ फेरि पढ्नुहोस्: " परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। १४ तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। १५ तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ।"**

पाप कसरी उब्जिन्छ भनेर वाख्या गर्न उपरोक्त पदहरूमा धेरै ग्रीक शब्दहरू प्रयोग गरेका छन्। ती सबै शब्दहरू जन्म दिने अर्थसँग जोडिएको छ। जब मानिसले आफ्नो दिमागमा गलत चाहनालाई पोषाउँछ तब महिलाको पेटमा बच्चा गर्भधारण गरेको जस्तै पापको सुरुवात हुन्छ। जब पाप हुर्कन्छ तब त्यसले मृत्युलाई जन्म दिन्छ (याकूब १:१५)।

पापको यस्तो चित्रण अनौठो नै मान्नुपर्छ। त्यो किनभने जुन प्रक्रियाले जीवन जन्माउनुपर्थ्यो त्यो प्रक्रियाले त मृत्यु पो जन्म दियो (रोमी ७:१०-१३)। पाप क्यान्सरको रोगले मानिसलाई समातेको जस्तो समात्छ र पछि त्यस मानिसलाई अकालै सत्यानाश पारिदिन्छ। यो सबैलाई थाहा भएको कुरो हो, किनभने कुनै न कुनै प्रकारको पापले हामीलाई बिगारेको अनुभव गरेका छौं। हामीहरूका हृदयहरू स्वभावैले खराब छन् र हामीहरूको व्यक्तिगत कुनै पनि अथक प्रयासले त्यसलाई परिवर्तन गर्न सक्दैनौं।

उत्पति ३:१-६ गहिरिएर पढ्नुहोस्। त्यसमा हव्वाले पापसँग सामना गर्नुपरेको विवरण स्पष्टसँग दिएको छ। पापमा फस्न उनले कुन् कदमहरू चालेकि थिइ? हेर्नुहोस् **"१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ'। ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।"**

परमेश्वरको वचनमा भर नपर्ने कदम चाल्नु नै पापको जड हो। एक तिहाइ स्वर्गदूतहरूलाई धोका दिन शैतानले त्यही सफल

कदम अपनाएको थियो (प्रकाश १२:४,७-९)। शैतानले बहुत चातुर्यपूर्वक हव्बाको दिमागमा परमेश्वरको चरित्रप्रति शङ्का उब्जाइदिएको थियो (उत्पत्ति ३:१-५)। असल र खराबको ज्ञान दिने रूखतिर जानु आफै खराब वा पाप थिएन। तर त्यहाँको फल खानुचाहिँ पाप थियो। तर हव्बाले फल खानुभन्दा पहिले उनको दिमागमा गलत सोच पस्न दिएकि हुनुपर्छ जसले गर्दा पापको जालोमा उनी परिन् (उत्पत्ति ३:६)। शैतानले देखाएको लोभमा आफ्नो लोभ पनि तालमेल गराउँदा पापको जन्म भयो।

पाप जहिले पनि दिमागबाटै सुरू हुन्छ। हव्बाले जस्तै हामीहरूले पनि कुनै गलत काम गर्दा हुने फाइदाको बारेमा सोच्न सक्दछौं। अनि हामीहरूले हामीहरूको कल्पना र भावनाहरूलाई हामीहरूको दिमागमा नचाइ दिन्छौं। अनि ढिलो वा चाँडो हामी पापको खाल्डोमा पर्छौं।

कतिपय समयमा यस्तो कसरी हुन्छ भनेर हामी छक्क पनि पर्छौं। तर त्यसको जवाफ सजिलो छ। त्यो हो हामीहरूकै अनुमतिले पापलाई निम्त्याउँछौं। कसैले पनि पाप गर्न हामीलाई कर गर्न सक्दैन।

"दत्तचित्त अर्थात् हृदयदेखि मनलगाएर प्रार्थना गरि र जीवित विश्वासमा रहिरहन सक्यौं भने शैतानले ल्याउने अनेकन् आक्रमक जालोहरूबाट हामी सुरक्षित हुनसक्छौं र पापको प्रदुषणबाट हामीहरूका हृदयहरूलाई शुद्ध राख्न सक्छौं।

"शैतानले जतिसुकै ठूलो परिक्षा वा प्रलोभन हामीहरूको सामु खडा गराएतापनि यदि स्वइच्छाले फस्न चाहेन भने पापले हामीलाई कब्जा गर्न सक्दैन। आत्मनिर्णय पाएको मानिसले पाप गर्ने कुनै बहाना छैन। हामीहरूको आत्मा वा विवेकमा पाप गर्न ठूलो करकाप वा चाप आउन सक्छ तर यदि हामी पाप गर्छौं भने त्यो हामीहरूकै चाहनाबाट हुनसक्छ। संसारमा यस्तो कुनै शक्ति छैन जसले कसैलाई पनि जबरजस्ती पाप गर्न कर लगाउन सक्छ। हामीहरूको दिमाग बलियो पारिराख्नु पर्छ। जुनसुकै परिस्थिति आएतापनि हामीहरूका हृदयहरूलाई नडगमगाइ वा नहल्लाइ राख्न हामी सक्षम् हुनुपर्छ। यदि त्यसरी हामी रहन सक्यौं भने अनेक किसिमको बहाना वा तर्कलाई ठाउँ दिएर पाप गर्ने चाहनाले हामीलाई जित्न सक्दैन। धर्मपरायण जीवनलाई पापले

दबाउन सक्दैन।"-एलेन जी ह्वाइट, साइन अभ टाइमस्, अक्टोबर ४, १८८३को "क्रिश्चियन प्रिभिलेज एण्ड ड्युटिज्" बाट रूपान्तरित।

## ३. प्रत्येक शिद्ध र असल बरदान (याकूब १:१६,१७)

पापले मृत्युलाई जन्माउँछ भनेर हामी अगाडि भन्यौं। तर परमेश्वर जीवनदाता हुनुहुन्छ। उहाँ ज्योतिको पिता हुनुहुन्छ (याकूब १:१७)। त्यसले सृष्टिको समयलाई सम्बोधन गर्दछ (उत्पत्ति १:१४-१८)। परमेश्वरले हामीलाई नयाँ जीवनको जन्म दिनुहुन्छ। माथिबाट पाउने सबभन्दा महान् बरदान नै अर्थमूलक जीवन बिताउन पाइने नयाँ जनम् हो (याकूब १:१७सँग यूहन्ना ३:३ तुलना गर्नुहोस्)।

हामीहरूको कुनै अथक प्रयास तथा धर्मकर्म गर्दा वा परम्पराको पालनाले होइन तर परमेश्वरको अनुग्रहको परिणामले हामीहरूले मुक्ति वा मोक्ष पाउँछौं भनेर पावलले रोमी ३:२३,२४, एफिसी २:८, २ तिमोथी १:९मा जिकिर गर्दछन्। पावलसँगै सहमत भएर याकूबले पनि मुक्ति परमेश्वरको उपहार हो भनेर याकूब १:१७मा भन्दछन्। उक्त भनाइको लगतै हामीले पाउने मुक्ति अर्थात् वर्तमान जीवनमै पुनर्जिवनको अनुभव त परमेश्वरको लक्ष्य र सदिच्छाको परिणामस्वरुप उपलब्ध गराएइको हो भनेर याकूबले खुलासा गर्दछन्। "सत्यको सन्देशद्वारा हामीलाई पुनर्जन्म दिने निर्णय परमेश्वरले गर्नुभएको थियो।" (याकूब १:१८ रूपान्तरित)। अर्थात् हामीले वेवास्ता गरेतापनि हामीलाई स्वर्गको गौरवमय राज्यको उपभोग गराउने वा मुक्ति दिलाउने प्रवल चाहना परमेश्वरको स्वइच्छा हो भनेर याकूबले स्पष्ट गर्न चाहेको पाउँछौं। वर्तमान जीवनमै स्वर्गको आत्मिक राज्यको प्रत्याभूति हामीले पाउन् र येशूको दोस्रो आगमनपछि अजम्मरी जीवनको उपभोग हामीले गर्न सकुन् भनेर हामीलाई अति नै माया गर्नुहुने सनातन परमेश्वर पिताको चाहना हो। मानव जीवनको सृष्टि हुनुभन्दा पहिले नै त्यो निर्णय परमेश्वरले गर्नुभएको थियो।

**यसै जीवनमा अनुभव गर्ने पुनर्जिवन वा येशूको आस्थामा रहेर काँचुली फेरिने जीवनको बारेमा याकूबले व्यक्त गरेका भावनाहरूसँग येशूका प्रखर प्रचारकहरू पावल र पत्रुसले व्यक्त गरेका भावनाहरूसँग तुलना गर्नुहोस्। ती दुवै जना भिन्नाभिन्नै व्यक्तित्वहरू भएतापनि यस**

**कुरामा तिनीहरू एकमत भएको हेर्नुहोस्: पावलको तितस ३:४-७मा "तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाइ र प्रेम प्रकट भयो, ५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो, ६ जो उहाँले हाम्रा मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो, ७ ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं।" र पत्रुसको १ पत्रुस १:२३ "परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ।"**

हामीहरूको मुक्ति नयाँ जन्मको अनुभवसँग गाँसिएको छ भनेर येशू, पावल, पत्रुस र याकूबले सम्बोधन गरेका छन्। जब परमेश्वरले मुक्तिको योजना तर्जुमा गर्नुभयो तब त्यसबेला पापी र क्षतविक्षत भएका मानव जातिलाई स्वर्गसँग फेरि जोडिने लक्ष्य लिएर गर्नुभएको थियो। पापी मानिस र परमेश्वरको बीचमा भएको खाल्डो यति गहिरो थियो कि कुनै पनि मानिसले पुरेर वा पुल बनाएर स्वर्गमा जान सकिन्नथ्यो। जब वचन देह भयो तब मात्र स्वर्ग र पृथ्वी फेरि गाँसिएको थियो। प्रेरित परमेश्वरको वचन (येशू) (२ तिमोथी ३:१६)ले मात्र परमेश्वरको उपहारलाई ग्रहण गर्न हृदय खुला राख्नेहरूको जीवनमा आत्मिक जीवनको सास फुकिदिनुहुन्छ।

हामीहरूको पापी स्वभावले गर्दा परमेश्वरले दिनुहुने मुक्ति पाउन सुहाउँदैनौं। हामीहरूको व्यक्तिगत अथक प्रयासले मुक्तिको लागि योग्य छौं भनेर दावी गर्न सक्दैनौं। तर हामीहरूको ज्योतिको पिताले हामीलाई औधि माया गर्नुहुन्छ र प्रत्येक असल बरदान र शिद्ध उपहार उहाँले नै हामीलाई दिन अत्यन्त उत्सुक हुनुहुन्छ (याकूब १:१७ रूपान्तरित)। हामीहरूले पाउने सबै उपहारहरूमध्ये सबभन्दा उत्कृष्ट उपहारचाहिँ येशू र नव जीवन हो।

**तपाईंलाई माथिबाट के के बरदानहरू दिइएका छन्? तिनीहरूको बारेमा गहिरिएर सोच्नु किन जरुरी छ? यदि ती बरदानहरूको बारेमा वेवास्ता गर्‍यौं भने त्यसको नतिजा कस्तो हुन्छ, के तपाईंले सोच्नुभएको छ वा अनुभव गर्नुभएको छ?**

## ४. बोल्नमा ढिलो (याकूब १:१९,२०)

**याकूबले हामी सबैलाई चाहिने एक महत्त्वपूर्ण सल्लाह याकूब १:१९-२१मा दिएका छन्। त्यो के हो हेर्नुहोस्: "मेरा प्रिय भाइहरू, यो कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढिलो र रिसाउनमा धीमा हुनुपर्छ। २० किनकि मानिसको रीसले परमेश्वरको धार्मिकता ल्याउँदैन। २१ यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ।"**

परमेश्वरको वचन अत्यन्त शक्तिशाली छ। तर यदाकदा मानिसको बोली पनि कदा नभएको होइन। कतिपल्ट हामीले बोलीसकेपछि "हत्तेरिका, त्यो नबोलेपनि हुन्थ्यो" भनेर हामी पछुताव गरेका छौं। गलत वा पिडा दिने बोलीहरू हुन्छन् भन्ने कुरा हामी सबैलाई थाहा छ। हामीहरूको रिस पनि कति विध्वंसात्मक हुन्छ भन्ने हामीलाई थाहा नभएको होइन। यस्तो कुरा थाहा पाउँदा हामीहरूले हामीहरूको बोलीमा आत्मसंयम अपनाउन जरुरी छ। तर हामीहरू कमजोर भएको कारणले हामी आफैले आफूलाई परिवर्तन गर्न संभव छैन। त्यसैकारणले हामीले परमेश्वरको बोली धेरै सुन्नुपर्छ र हामीहरूको जीवनमा उहाँलाई काम गर्न दिनुपर्छ।

"जब हामीमा भएका र हामीले सुन्ने प्रत्येक आवाजलाई शान्त पार्दछौं र हामी परमेश्वरको अगाडि चुपचाप बस्दछौं तब हामीहरूको मन शान्त हुन्छ। त्यसबेला परमेश्वरको आवाजलाई हामी स्पष्टसँग सुन्न सक्छौं। उहाँले हामीलाई यो निर्देशन दिनुहुन्छ "चुपचाप बस। म परमेश्वर हुँ भनेर तिमीहरूले जान।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. ५८बाट रूपान्तरित।

कतिपय समयमा जब समस्याहरू आउँछन् तब हामी परमेश्वरको कुरा सुन्न पनि छोड्छौं र त्यतिमात्र होइन, एक आपसको कुरा पनि सुन्न हामी नचाहेको अनुभव गर्दछौं। घरमा होस् वा काममा होस् वा चर्चमै किन नहोस्, जब हामी कसैको कुरा सुन्न चाहन्दैनौं तब अनेक किसिमका विवादहरू उत्पन्न हुन्छन्। त्यसबेला कुरा गर्दा चर्काचर्कि हुन्छ, रिस उठ्न थाल्छ। अरूलाई दवाउने खालको मनस्थितिले गर्दा एक आपसको कुराकानी पनि बन्द हुनसक्छ।

हामीहरूको मनमुताव र नबोल्ने पापी स्वभावले परमेश्वरको पवित्र आचरणमा कहिलै पनि दोऱ्याउँदैन।

त्यसैकारण परमेश्वरको धार्मिक आचारसंहिता र मानिसको रिसको बीचमा कस्तो भिन्नता छ भनेर याकूबले देखाउँदछन्। जब सम्म हामीले हामीहरूको पापी स्वभावलाई पोस्दछौं र त्यसै अनुसार चल्न मनपराउँछौं तब सम्म परमेश्वरको वचनको सृजनात्मक शक्तिलाई हामीहरूको जीवनमा काम गर्न दिँदैनौं। त्यसले गर्दा हामीहरूको वचन रुखो हुन्छ, खस्रो हुन्छ। हामीले बोलेको वचनले कसैलाई पनि सहयोग नपुग्ने हुन्छ। बरू अरूलाई ठिक पार्नेको निहुँमा हृदय छेड्ने वा पिडादायी बोलीहरू हामीहरूको मुखबाट निकाल्दछौं। हामीले जे बोल्छौं त्यसप्रति चनाखो हुनुपर्छ भनेर याकूबले हामीलाई सतर्क गराउँछन्। यदि हामीले नयाँ जीवनको उपहारलाई ग्रहण गऱ्यौं भने हामीहरूका ज्योतिहरूका पिताले हामीलाई के सम्म गर्न सक्नुहुन्छ भनेर याकूबले हामीलाई बताउँछन्।

**परमेश्वरको ज्योतिमा वा उहाँको चाहना अनुसार हामी हिँडिरहेका छौं भनेर दावी गर्दछौं भने हामीहरूको बोली कस्तो हुनुपर्छ देहायका केही पदहरूले बताउँछन्। हेर्नुहोस्: हितोपदेश १५:१ "नम्र जवाफले क्रोधलाई शान्त पार्छ, तर कठोर वचनले रीस उठाउँछ।", यशैया ५०:४ "थाकेकोलाई सम्भाल्ने वचन जान्न सकून् भनेर परमप्रभु परमेश्वरले मलाई सिकाइको बोली दिनुभएको छ। उहाँले मलाई बिहानैपिच्छे जगाउनुहुन्छ। सिक्नेलाई झैं ध्यानसित सुन्न उहाँले मेरो कान खोलिदिनुहुन्छ।", एफिसी ४:२९ "तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्।", एफिसी ५:४ "४ कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन्। तर बरु धन्यवाद दिने काम होस्।" र कलस्सी ४:६ "नूनले स्वादिलो पारेजस्तो तिमीहरूको बोलीवचन सधैं कृपालु होस्, ताकि प्रत्येकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरू जान।"**

**तपाईंलाई कसैको कुवाच्यले चित्त दुखाएको अन्तिमपटक कहिले भएको हो सो सम्झनुहोस्। उसले बोलेको वचनले तपाईंलाई कतिको गहिरो गरि चित्त दुखेको छ जसले गर्दा बोली कतिको धारिलो हुनेरहेछ**

भनेर तपाईंले अनुभव गर्नुभएको थियो? बोलीहरू असल पनि हुनसक्छ खराब पनि हुनसक्छ। सम्हालेर बोल्न तपाईंले के गर्नुपर्छ? बोल्नुभन्दा पहिले सोच्नु किन आवश्यक छ?

## ५. ग्रहण गरेर मुक्ति पाउनु (याकूब १:२१)

**"बोली वा वचन"ले मानिसको जीवनमा कस्तो काम गर्न सक्छ भनेर याकूले याकूब १:२१मा बताउँछन् हेर्नुहोस्: "यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ।"**

**विश्वास अर्थात् आस्था र मुक्तिको निचोड उपरोक्त पदले प्रस्तुत गरेको पाइन्छ।** अर्थात् कोही मानिस इसाईं हुँ भनेर दावी गरेर मुक्तिको सहभागी भएको भनेर यकिन हुन्छ भने त्यो मानिसको बोलीव्यवाहारले देखाउँछ भन्दै याकूबले इसाई जगतको लक्ष्यलाई निर्णायक बिन्दुमा पुऱ्याउँछन्। सारा पाप स्वभाव वा अधर्मी नियतहरूलाई पन्छाउन र दुष्टप्रवृत्तिबाट अलग हुन याकूबले आग्रह गर्दछन्। खराब आचरणलाई हटाओ भन्ने निर्देशन नयाँ करारमा मात्रै सात पल्ट उल्लेख गरिएको छ। (हेर्नुहोस् रोमी १३:१२, एफिसी ४:२२, कलस्सी ३:८, हिब्रू १२:१, १ पत्रुस २:१)। यसको अर्थ लुगा फुकाल्नु पनि हुनसक्छ (प्रेरित ७:५८)। त्यसले गर्दा हामीले गलाइ राखेको फोहरी थाङ्नालाई फुकाल भन्ने अर्थ पनि लगाउन सक्छ (यशैया ६४:६)। याकूबले फोहरी थाङ्ना भनेर सम्बोधन गर्दा गरिबले लगाउने झुत्रे झाम्रे कपडा हो, जुन कि धनी वा सम्पन्न व्यक्तिले झलझलाउँदो अर्थात् चहकिलो र सफा पोसाक भन्दा फरक छ (याकूब २:२)। मानिसहरू आफ्नो लुगाको निम्ति कस्तो चिन्ता गर्दो रहेछ भनेर येशूको गुनासोसँग याकूब पनि सहमत भएको देखाउँछ। तर लुगा होइन हामीहरूको हृदयको अवस्थादेखि परमेश्वरले अत्यन्त चासो राख्नुभएको हामी पाउँछौं। ग्रीक भाषामा प्रयोग गरिएको फोहरी थाङ्ना (फिल्थी-राइपारोस ryparos) सम्पूर्ण बाइबलको केवल एक ठाउँमा मात्र पाइन्छ। त्यो हो जकरिया ३:३,४। मूल पूजारी यहोशुले पापले ग्रष्ट भएको इस्राएलीहरूको प्रतिनिधित्व गरेको उपरोक्त पदहरूले देखाउँदछन्। परमेश्वरले मूल

पूजारीको फोहरी लुगा फुकालीदिनुहुन्छ र त्यसको ठाउँमा सफा र सफेद पोसाक लगाइ दिनुहुन्छ। परमेश्वरले इस्राएलीहरूलाई क्षमा गर्नुभयो र पापबाट सफा गर्नुभयो भनेर उहाँको उपरोक्त कामले देखाएको थियो।

यो दृष्य लोकप्रिय इसाई चित्र भन्दा फरक छ। त्यसमा येशूले पापीको फोहर लुगामाथि सेतो सफा पोसाक लगाइ दिएको चित्रण गरिन्छ। के साँच्चिकै जीवनमा फोहर लुगामाथि कसैले सफा लुगा लगाइ दिन्छ र? कोही पनि मानिसले जानाजानी फोहर कपडामाथि सफा र सेतो लुगा लगाउँदैन। तर पहिले फोहरी लुगा फुकालेपछि मात्र सफा लुगा उसले लगाउँछ। यो त्यही प्रक्रिया थियो जब परमेश्वरले यहोशूको फोहरी थाङ्ना लुगा पहिले फुकाली दिनुभयो र अनिपछि मात्र सफा लुगा लगाइ दिनुभएको थियो, जुन जकरियाले चित्रण गर्दछन्। त्यसको अर्थ ख्रीष्टले हामीलाई उहाँको धार्मिक वा धर्मी पोसाक लगाइदिनुहुन्छ हो। तर यो पनि होइन येशूले हामीलाई उहाँको धार्मिक वा पापक्षमाको पोसाक लगाइदिनुभन्दा पहिले हामी पापरहित हुनुपर्छ। यदि येशूले उहाँको धार्मिक वा पाप क्षमाको पोसाक लगाइ दिनुभन्दा पहिले हामी आफै धर्मी हुनुपर्छ भनेर जिकिर गर्छौं भने यस संसारमा कसले उद्धार पाउन सक्छ र? यसको अर्थ यो पनि होइन कि यदि हामी पापमा फेरि पर्‍यौं भने येशूकहाँ फर्केर आउन सक्दैनौं र हामीले अनन्त जीवन पाउने अवसर गुमायौं। तर यथार्थ त यो हो कि हामीले सच्चा हृदयदेखि पूर्णरूपमा परमेश्वरमा समर्पित जीवन बिताउनु अपरिहार्य छ। दिनदिनै अनेकन् पापपूर्ण चालामालालाई मारेर जिउने निर्णय हामीले गर्नुपर्छ। परमेश्वरले हामीहरूको जीवनमा उहाँको प्रतिरूप स्थापना गर्न दिनुपर्छ। जब हामी त्यस निर्णयमा अगाडि बढ्छौं तब ख्रीष्टले उहाँको सिद्ध, स्वच्छ धार्मिक पोसाकले हामीलाई सजाइ दिनुहुन्छ।

**याकूब १:२१ फेरि पढ्नुहोस्। तपाईंको भनाइ र गराइमा कतिको फरक छ? के तपाईंको व्यवहारले तपाईं परमेश्वरको सन्तान हुनुहुन्छ भनेर प्रदर्शित गरेको छ? तपाईंको हृदयमा "धारण गर वा बुन" भनेको शब्दको प्रत्याभूति के तपाईंले पाउनुभएको छ? यदि नपाए पाउन के गर्नुपर्छ?**

**उपसंहारः** "मुक्तिको योजनामा हामीमाथि शैतानले जमाएको विध्वंसात्मक अधिकारबाट पूर्ण छुटकारा दिने प्रावधान समावेश गरिएको छ। दुःखी हृदय भएको मानिसबाट येशूले सधैं पापबाट अलगै राखेर हेर्नुहुन्छ। शैतानको कामहरूलाई नष्ट गर्न येशू आउनुभएको थियो। पश्चाताप गरेको प्रत्येक विश्वासी पापमा नफसोस भनेर उहाँले उसलाई पवित्र आत्माको अगुवाइ गर्न दिनुभएको छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ३११बाट रूपान्तरित।

"यदि तपाईंले येशूलाई तपाईंको व्यक्तिगत मुक्तिदाता हुनुभएको छ भनेर स्वीकार गर्नुभयो भने तपाईंले आफूलाई बिर्सिदिनुहोस् र अरूलाई सहायता गर्न अग्रसर हुनुहोस्। ख्रीष्टको प्रेमको बारेमा चर्चा गर्नुहोस्। हामीप्रति उहाँको उत्तम चाहनाको बारेमा अरूलाई भन्नुहोस्। तपाईंले गर्नुपर्ने र देखेको प्रत्येक काम कर्तव्यनिष्ठ भएर गर्नुहोस्। तपाईंको हृदयमा अरूले पनि मुक्ति पाओस् भन्ने बोझले लादियोस्। तपाईंको शक्तिले भ्यायसम्म पापको फन्दामा परेको मानिसलाई उद्धार गर्न प्रयत्न गर्नुहोस्। जब तपाईं ख्रीष्टको आत्माले प्रेरित भएर निश्वार्थी प्रेमको भावले ओतप्रोत हुनुहुन्छ र अरूको निम्ति परिश्रम गर्नुहुन्छ तब तपाईं बढ्नुहुनेछ र तपाईंमा भएको फल अझ फलदायी भएर निस्कनेछ। तपाईंको चरित्रमा पवित्र आत्माको अनुग्रह र सदाशयता पाक्नेछ। परमेश्वरमाथिको तपाईंको विश्वास तथा आस्था बढ्नेछ। तपाईंको विश्वास बलियो हुँदै जानेछ। तपाईंमा भएको प्रेम परिपक्व तथा सिद्ध हुनेछ। अनि विस्तारै विस्तारै बहुआयामिक दृष्टिकोणमा तपाईं ख्रीष्ट जस्तै हुनुहुनेछ। उहाँमा भएको स्वच्छता, आदर्शता र प्रेमाभाव तपाईंको जीवनमा पनि बुनिने छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. ६७,६८बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** कसैको बचन वा बोली कतिको प्रभाकारी हुन्छ भन्ने कुरामा सोच्नुहोस्। वचन किन शक्तिशाली हुन्छ? कसैमाथि कसैको भाषा वा बोलीले कसरी नियन्त्रण गर्नसक्छन्? हामीले भन्नुमा र लेख्नुमा कतिपय समय महत्त्वपूर्ण भएको के तपाईंले महसूस गर्नुभएको छ?

**आ.** परमेश्वरले तपाईंलाई धेरै बरदान वा क्षमताहरू दिनुभएको छ। ती मध्ये तपाईंले पाउनुभएको सबभन्दा महत्त्वपूर्ण बरदान कुन हो?

**इ.** याकूब १:१२-२१ पढ्नुहोस्। त्यहाँ के महत्त्वपूर्ण सन्देश हामीलाई दिइएको छ। ती पदहरूमा कस्तो आशा र कबूलहरू हामीलाई दिइएका छन्?

**ई.** पापपूर्ण अभिलाषाले हामीलाई पाप गर्न उक्साउँछ। अनि पापले मृत्यु उब्जाउँछ। कतिपय समयमा हामी विजयी जीवन बिताउनुपर्नेमा किन बिताइरहेका छैनौं? पापको बाहानहरू के के छन् जसले गर्दा त्यसमा फस्न हामी हिचिकिचाउँदैनौं? पापसँग खेलवाड गर्न किन खतरा छ?

**उ.** विश्वासमा कमजोर भएकाहरूलाई माथि उल्लेख गरिएका एलेन जी ह्वाइटका भनाईहरूले कसरी होसला प्रदान गर्न सक्छ?